पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरु
बेगनास-रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, बिन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय बिहान ९:३० बजे
सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ३२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ फागुन २ गते शुक्रबार ❑ 14 Feb. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## पोखरा भ्रमण वर्षमा २० लाख पर्यटक भित्र्याउने

**पोखरापत्र संवाददाता**
पोखरा, १ फागुन



पोखरामा २० लाख पर्यटक भित्राउने उद्धेश्य सहित पोखरा भ्रमण बर्ष २०२५ को घोषणा हुने भएको छ।

नेपाल सरकारका उपप्रधान तथा अर्थ मन्त्री विष्णु प्रसाद पौडेलको विशेष उपस्थितिमा भव्य समारोहका बिच पोखरा भ्रमण वर्षको घोषणा गर्ने तयारी गरिएको पोखराका मेयर धनराज आचार्यले विहीबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा बताए।

भ्रमण वर्ष घोषणाको पुर्वसन्ध्यामा पोखराका ३३ वटै वडाहरूबाट पहिचान सहितका झाँकी र्‍याली पोखरा प्रदर्शनी केन्द्रसम्म गरिने भएको छ। पोखरालाई गत वर्ष मात्रै पर्यटन राजधानी सहर घोषणा गरिएको थियो । भ्रमण वर्षको अवधिभर क्रियाशील रहने गरी मेयर आचार्यको संयोजकत्वमा मूल समारोह समिति, एक निर्देशक समिति, पर्यटन व्यवसायी गोपी बहादुर भट्टराईको संयोजकत्वमा कार्यसम्पादन समिति र विभिन्न क्षेत्रको प्रतिनिधित्व हुने गरी ४३ वटा समितिहरू गठन गरिएको छ। बर्ष भरी विभिन्न पर्यटन प्याकेज सहितका कार्यक्रम पर्यटन प्रबर्द्धन तथा केही पर्यटनका भौतिक संरचना निर्माण समेत गर्दै भ्रमण बर्ष मनाउने भएको उनले जनाए । पोखराको अर्थतन्त्रलाई चलायमान बनाउँदै स्वच्छ पोखरा, स्वस्थ्य र खुसी पोखरेली बनाउने अभियानमा यो वर्षलाई आधार वर्षको रूपमा लिइएको मेयर आचार्यले बताए।

पर्यटन राजधानी पोखरालाई राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा ब्राण्डिङ्ग गर्न तथा पोखराको आन्तरिक एवं वाह्य पर्यटनलाई हाल सम्म कै उच्च विन्दुमा पुर्‍याउन, पोखराको प्राकृतिक, मानव निर्मित गन्तव्य स्थलहरूको प्रचार प्रसार गर्न र यी सम्पूर्ण क्षेत्रहरूको महत्व तथा अवस्थितिलाई जनसमक्ष पुर्‍याउन भ्रमण वर्षले सहयोग पुग्ने विश्वास गरिएको मेयर आचार्यले दाबी गरे।

पोखरा भ्रमण वर्ष २०२५ लाई सफलतापूर्वक सम्पन्न गर्नका लागि नगर प्रमुख धनराज आचार्यको अध्यक्षतामा १ हजार ५ सय ५१ सदस्यीय मूल समारोह समिति र सो अन्तर्गत विभिन्न क्षेत्रहरूको प्रतिनिधित्व हुने गरी ४३ समितिहरू गठन गरिएको महानगरका प्रवक्ता मोतिराम तिम्सिनाले बताए। पोखरा भ्रमण वर्षका अवसरमा स्वदेशी र विदेशी गरी २० लाख पर्यटकहरु पोखरा भित्र्याउने लक्ष्यका साथ वर्ष भरि विभिन्न कार्यक्रम तथा गतिविधि सञ्चालन गरिने मेयर आचार्यले बताए । पोखरा नेपालको पर्यटन राजधानी पोखरालाई प्राकृतिक सुन्दरता, सांस्कृतिक वैभवता र साहसिक गतिविधिको अविस्मरणीय गन्तव्यका रूपमा स्थापित गर्न संसार भरका विदेशी, गैह्र आवसिय नेपाली तथा स्वदेशी पाहुनाहरूलाई सपरिवार तथा इष्टमित्र सहित पोखरा भ्रमण गर्न आह्वान गर्ने भएको छ । त्यसै गरी विभिन्न विकास साझेदार, विदेशी नियोग तथा राजदुतावासहरुसँग समन्वय गरी संसारका विभिन्न सहरहरूमा पोखरा बारे व्यापक प्रचारात्मक अभियान चलाउने र भ्रमणका लागि आह्वान गर्ने, विदेशमा रहेका नेपाली दूतावास, गैर आवासीय नेपाली संघ लगायत विभिन्नसँग संस्थाहरू तथा निकायहरूसँग समन्वय गरी पोखरा भ्रमण २०२५ लाई प्रवर्द्धन गरिदिन आह्वान गर्दै आवश्यक सहकार्य गर्ने मेयर आचार्यले जनाए। विश्व भर रहेका नेपाली मूलका मन्त्री, सांसद, मेयर तथा जनप्रतिनिधिहरू सहित पोखरा सँग भगिनी सम्बन्ध स्थापित भएका सहरहरूलाई भ्रमण गर्न र गराउन औपचारिक निमन्त्रणा सहित पहल कदमी लिने, भ्रमण वर्षको अवधिभर स्वदेशका ५ वटा र विदेशका ५ वटा गरी १० सहरसँग भगिनी सम्बन्ध कायम गर्ने तथा पोखरा विश्वविद्यालय, पोखरामा रहेका विश्व विद्यालय अन्तर्गतका आङ्गिक क्याम्पसहरू, उद्योग वाणिज्य संघ सहित निजी क्षेत्रमा क्रियाशील संघ संस्थाहरूसँग स्वदेशी वा विदेशी सोही प्रकृतिका संघ संस्थाहरूसँग भगिनी सम्बन्ध कायम गर्न पहल गर्ने उनले जनाए। पोखरामा क्रियाशील राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरूलाई पोखरामा बैठक, इभेन्ट तथा भ्रमणकाका लागि आव्हान गर्न अनुरोध गर्ने, राष्ट्रिय स्तरका विभिन्न प्रतियोगिता तथा समिट आयोजना गर्ने र २०२५ भित्र पर्यटन क्षेत्रलाई लक्षित गरी लगानी टुरिजम ईन्भेष्मेण्ट समिटको आयोजना गर्ने, पोखराको ब्राण्डिङ्ग र मार्केटिङका लागि अभियान सञ्चालन गर्ने तथा भ्रमण वर्षलाई सहयोग पुग्ने विभिन्न प्रकाशन गर्ने, गैर आवासिय नेपाली सँघ एनआरएनए को सहजिकरण र सहकार्यमा विश्वभर पोखरा भ्रमण वर्षको प्रवद्धनात्मक कार्यक्रहरु सञ्चालन गर्न अनुरोध गर्ने मेयर आचार्यले जनाए। त्यसै गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय एयर कनेक्टिभिटी लागि आवश्यक पहलकदमी चलाउने र छिमेकी एवं मुलुकका मुख्य सहरहरूमा सिधा उडानको व्यवस्था गर्न पहल गर्ने, स्वास्थ्य, शिक्षा, खेलकुद, वेल्नेश, चलचित्र, भाषा साहित्य तथा सांस्कृतिक क्षेत्रको प्रवर्द्धन र विकासमा विशेष साझेदारीमूलक कार्यक्रमहरू सञ्चालन गर्ने, मुक्तिनाथ क्षेत्रको प्रवेशद्वार निर्माण, बोटानिकल गार्डेन, एयरपोर्ट लेकसाईड द्रुतमार्ग, हेरिटेज साइड, पन्चासे क्षेत्र विकास, १० ताल जोडिने साइकल लेन, इन्ट्रान्स पार्क, फिर्के खोला, फेवा किनार विकास, अर्ग्यानिक ट्रेल तथा रोयल ट्रेलको पुन उत्थान लगायतका पर्यटन क्षेत्रलाई टेवा पुग्ने विभिन्न पूर्वाधारको निर्माण तथा सुरुवात गर्ने, पी.पी.पी. परियोजनाका माध्यमबाट सम्भावित विभिन्न पर्यटन क्षेत्रलाई टेवा पुग्ने परियोजनाको विकासका लागि आह्वान गर्ने तथा परियोजना अगाडी बढाउन प्राथमिकता दिने भएको मेयर आचार्यले जनाए।

पोखरा घरको निर्माण सँगै सूचना केन्द्र, पुस्तकालय, आर्ट ग्यालरी, घण्टा घर, शौचालय र स्नान कक्षको निर्माण सम्पन्न गर्ने, पोखराको पर्यटन क्षेत्रसँग सम्बन्धित निजी क्षेत्रको क्षमता अभिवृद्धि गर्दै अतिथि मैत्री बनाउन विभिन्न कार्यक्रम सञ्चालन गर्ने, विभिन्न मेला महोत्सव, प्रतियोगिता तथा समिटको महानगर स्वयंले प्रवर्द्धक गर्दै आयोजक रूपमा कार्यक्रम संचलान गर्ने, दिगो र उत्तरदायी पर्यटन विकासका लागि नीतिगत सुधार तथा योजना तयार पारी लागु गर्ने गराउने, नयाँ पर्यटकीय गन्तव्यहरूको खोजी, स्थापना तथा महानगरको कम्तीमा १ वडा १ पर्यटकीय गन्तव्य स्थापित गर्दै प्रचार प्रसार गर्ने, पाहुनाहरूलाई स्वागत, बिदाइ र कोसेलीका रूपमा लिन दिन मिल्ने वस्तु तथा सामाग्रीको उत्पादन र विकासमा सहजीकरण गर्दै उद्योग वाणिज्य संघको सहकार्यमा कोसेली घर निर्माण गर्ने मेयर आचार्यले जनए।

वातावरण तथा खाद्य स्वच्छताका लागि विशेष कार्यक्रमका साथ प्रभावकारी अभियान सञ्चालन गरिने, पर्यटन राजधानी पोखरा आउने आन्तरिक तथा वाह्य पर्यटकको स्वास्थ्यलाई मध्य नजर गर्दै सेवा उद्योगमा आधारित पर्यटन व्यवसायीहरूलाई खाद्य सुरक्षा, वातावरण तथा पर्यावरणका सबन्धमा प्रवर्द्धनात्मक कार्यक्रम र व्यावसायिक क्षमता विकास लगायत कार्यक्रमहरूमा जोड दिइने, पोखरा

बाँकी अन्तिम पृष्ठमा ▶▶

## बिमा कोष बलियो बनाउन आवश्यक छ : मन्त्री पौडेल

**पोखरापत्र संवाददाता**
पोखरा, १ फागुन




स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले बिमा कोष बलियो बनाउन आवश्यक भएको बताउनुभएको छ । स्वास्थ्य बिमालाई थप प्रभावकारी र निरन्तरता दिन जरुरी भएको उहाँले उल्लेख गर्नुभयो।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा बिहीबार पोखरामा आयोजित राष्ट्रिय जनसंख्या नीति, मस्यौदा तथा जनसंख्या व्यवस्थापन र 'मिडवाइफरी' बीचको अन्तरसम्बन्धबारे नीति निर्माण एवं सरोकारवालासँगको गण्डकी प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रमको उद्घाटन गर्दै मन्त्री पौडेलले चालु आर्थिक वर्ष २०८१/८२ का लागि मन्त्रालयले स्वास्थ्य बिमातर्फ रु सात अर्ब ५० करोड विनियोजन गरिएको जानकारी दिनुभयो । विनियोजित रकम अपुग भएको उहाँको भनाइ थियो।

"शत प्रतिशत नागरिकलाई स्वास्थ्य बिमामा जोड्न जरुरी छ", उहाँले भन्नुभयो । बिमा रकम पारदर्शी बनाउन आग्रह गर्दै मन्त्री पौडेलले कसैले त्यस्तो अनियमिता गरेको पाइएमा कारबाहीको दायरामा ल्याइने बतानुभयो । ग्रामीण क्षेत्रमा सहजरुपमा स्वास्थ्य सेवाको पहुँच पुऱ्याउन योजना अगाडि बढाइएको उहाँले स्पष्ट पार्नुभयो । मन्त्रालयका महानिर्देशक डा विकास देवकोटाले नसर्ने रोगको पहिचान गर्न एक महिने अभियानबारे जानकारी दिन स्वास्थ्य नीति र आधारभूत स्वास्थ्य सेवालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा स्वास्थ्य मन्त्रालयका सचिव हरिप्रसाद मैनालीको समेत सहभागिता रहेको थियो।

## सशस्त्र सङ्घर्षबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्नुपर्नेमा अध्यक्ष दाहालको जोड

**रासस**
काठमाडौं, १ फागुन

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले सङ्घर्षबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्नुपर्नेमा जोड दिनुभएको छ।

तत्कालीन नेकपा (माओवादी) को नेतृत्वमा ३० वर्षअघि भएको सशस्त्र सङ्घर्षका सन्दर्भमा बिहीबार जारी गर्नुभएको शुभकामना सन्देशमा उहाँले जनविश्वास र जनमतको सम्मानद्वारा समाज रूपान्तरणका बाँकी कार्यभार पूरा गर्ने जिम्मेवारी आफूहरूको काँधमा आएको बताउनुभएको छ । सशस्त्र सङ्घर्षका कारण आज मुलुकमा राजतन्त्रको अन्त्य भई सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको उल्लेख गर्दै अध्यक्ष दाहालले शासनसत्तामा उत्पीडित समुदायको प्रतिनिधित्व सुनिश्चित हुने बाटो खुलेको उल्लेख गर्नुभएको छ।

"हामी एउटा विशिष्ट परि स्थितिमा शान्ति सम्झौतामार्फत शान्ति प्रक्रियामा सहभागी भयौं । यो हामीले गरेको नयाँ प्रयोग हो। इतिहासमै पहिलोपटक

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

प्रजातन्त्र दिवस भव्यरूपमा मनाऔं ।
◆ प्रजातन्त्रको मूल मर्म मानवअधिकार र विधिको शासन हो,
◆ आवधिक निर्वाचन प्रजातन्त्रको आधारशिला हो,
◆ आफ्ना प्रतिनिधिहरू मार्फत शासनमा नागरिकको सहभागिता प्रजातान्त्रिक ब्यवस्थाको मर्म हो,
◆ शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलन प्रजातन्त्रको आधार हो,
◆ प्रजातन्त्र एक पद्धती, व्यबहार र आचरण पनि हो, त्यसैले,
◆ प्रजातान्त्रिक संस्कार, आचार र व्यवहारको अवलम्बन प्रत्येक नागरिकको कर्तव्य हो,
◆ त्यस तर्फ सचेत बनौं।
◆ ७५ औं राष्ट्रिय प्रजातन्त्र दिवस सफल पारौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

## पोखरा २६ मा सुविधासम्पन्न प्रादेशिक आयुर्वेद चिकित्सालय बन्ने



**पोखरापत्र संवाददाता**
पोखरा, १ फागुन

संघीय स्वास्थ्य मन्त्री प्रदिप पौडेलले प्रादेशिक आर्युवेद चिकित्सालय निर्माण स्थलको विहिबार निरिक्षण गर्नुभएको छ।

पोखरा महानगरपालिका वडा नं. २६ को चापाको चौर भन्ने स्थानमा संघीय सरकारले प्रादेशिक आर्युवेद चिकित्सालय निर्माण गर्न लागेको हो । सुविधा सम्पन्न सय शैयाको चिकित्सालय निर्माणका लागि सरकारले विस्तृत योजना प्रतिवेदन (डिपिआर) तयार गरी टेण्डर प्रक्रिया अगाडी बढाउन लागेको छ । यसका लागि चालु

बाँकी अन्तिम पृष्ठमा ▶▶

# मुटु सम्बन्धी निशुल्क स्वास्थ्य शिविरको तयारी पुरा

पोखरापत्र संवाददाता
पोखरा, १ फागुन

पोखराको बाटुलेचौरमा आयोजना हुने मुटु सम्वन्धी निशुल्क स्वास्थ्य शिविरको सम्पुर्ण तयारी पुरा भएको छ।

पोखराकै अग्रणी सामाजिक संस्था हिमालय क्लवको आयोजनामा यही फागुन ३ गते आयोजना हुने शिविरको आन्तरिक बाहेकका अन्य तयारी पुरा भएको क्लवका अध्यक्ष मोहन थापाले जानकारी दिनुभयो । जयन्ती मेमोरियल ट्रष्ट र मातृशिशु मितेरी प्रादेशिक अस्पतालको सहयोगमा हुने शिविरमा सुगर प्रेसर सहित निशुल्क ईको र ईसिजी सेवा प्रदान गरिने कार्यक्रम संयोजक शिवराज देवकोटाले बताउनु भयो।

शिविरमा कार्डियोलोजिष्ट डा मनोज कोईराला, कन्सल्टेन्ट फिजिसियन डा सुनिल गौतम, डा विवेक लामिछाने र डा विज्ञान लामिछानेको टोलीले सेवा प्रदान गर्ने संयोजक देवकोटाले जानकारी दिनुभयो । बाटुलेचौरस्थित कालिका भवनमा हुने शिविरमा प्रेसर, मुटुको भल्व फेरेका, हृदयघात भएका, जन्मजात सर्जरी गरेका र स्टेन्थ हालेका विरामीलाई लक्षित गरिएको बताईएको छ । शिविरको व्यवस्थापन गर्न देवकोटाको संयोजकत्वमा क्लवका पुर्व अध्यक्ष सुशील वस्नेत र सुन्दर थापा सदस्य रहनु भएको छ।

समितिले मुटु सम्वन्धी निशुल्क स्वास्थ्य शिविरमा सहभागी भई सेवा लिन आग्रह समेत गरेको छ।शिविरमा अर्मला प्राथामिक स्वास्थ्य केन्द्रको प्राविधिक सहयोग, संरक्षण आमा समुह र कालिका मन्दिर कोत मामलियत व्यवस्थापन समितिको सहकार्य रहने क्लवले जनाएको छ। क्लवले यस अघि पनि निशुल्क स्वास्थ्य शिविर संचालन गरेको थियो।

# मादी गाउँपालिकामा सोँथर बैँसी टारी बजार मेला शुरु

पोखरापत्र संवाददाता
पोखरा, १ फागुन



कास्कीको मादी गाउँपालिका वडा नम्बर ८ नागीधार, पाखुरीकोट गाँउ र १० भाचोक गाउँको संगम बैंसीको रुपमा रहेको सोंथर बैंसी (सुन्दर बैंसी) मा बिहीबारदेखि सोंथर बैंसी टारी बजार मेला शुरु भएको छ।

तेस्रो संस्करणको मेला फागुन १ र २ गते सम्म चल्ने छ। मेलाको समाजसेवी नरबहादुर गुरुङले उद्घाटन गरे । मेलामा राखिएको गोरु जुधाइँ प्रतियोगिता मुख्य आकर्षण बनेको थियो । गोरु पाल्ने किसानहरुलाई निकै आकर्षण गराएको उक्त गुरु जुधाइँ प्रतियोगितामा १६ वटा गोरुको सहभागिता रहेको थियो।

यस वर्षको गोरु जुधाइँ प्रतियोगितमा पनि स्थानीय पदमबहादुर विकको गोरु प्रथम भएको छ भने भूमलाल अधिकारीको गोरु द्धितीय भयो । प्रतियोगितामा प्रथम हुनेले ८ हजार र द्धितीय हुनेले ६ हजार नगद र प्रमाण पत्र प्राप्त गरे । मेलामा नागिधारको घाटु नाच प्रस्तुत गरिएको थियो । त्यस्तै खुल्ला फाइब ए साइड पुरुष फूटबल खेलकुद प्रतियोगिताहरु तर्फ २० टिमको सहभागिता रहेको थियो। बिहीबार ७ खेल सम्पन्न भएको छ। कार्यक्रममा अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना इलाका कार्यालय सिक्लेसले मेलालाई ४० हजार सहयोग गरेको छ।

कार्यक्रममा अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना इलाका कार्यालय सिक्लेसका प्रमुख संग्राम कार्की, कृषि ज्ञान केन्द्र कास्कीका अधिकृत रामकृष्ण अर्याल, मादी गाँउपालिका वडा नं. ८ का वडा अध्यक्ष प्रमेबहादुर गुरुङ, वडा नं. १० का वडा अध्यक्ष कृष्णबहादुर गुरुङ, सोंथर बैंसी विकास समितिका सल्लाहकार यमनाथ अधिकारी, सल्लाहकार तेज बहादुर गुरुङले मेलाले स्थानीय कृषि तथा पर्यट प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याएको बताएका थिए।

सोंथर बैंसी जाऔं, टारी बजार मेलामा सहभागी बनौं र त्यस आसपास क्षेत्रको कृषि पर्यटन प्रवर्द्धन गरौ भन्ने मुल नाराका साथ सोंथर बैंसी विकास समितिले मेला आयोजना गरेको हो। मेलामा कृषि कार्यक्रमहरु तर्फ गोरु जुधाइँ प्रतियोगिता, साथै गोरु प्रदर्शन एवं किनबेच साटासाट , खसी बोका बाख्रा, मह, घ्यु, आलु, तरकारी, माछा लगायत कृषि वस्तु तथा पशुको प्रदर्शन तथा किनबेच समेत हुने मेलाका सहसंयोजक तथा सोंथर बैंसी विकास समितिका कार्यसमिति सदस्य नन्दलाल अधिकारीले जानकारी दिए।

त्यस्तै खेलकुद प्रतियोगिताहरु तर्फ खुल्ला फाइब ए साइड पुरुष फूटबल, खुल्ला पुरुष छेलो फाल्ने, खुल्ला पुरुष तथा महिला रसी तान्ने रहेका छन् भने सांस्कृतिक कार्यक्रमहरु तर्फ ३० बर्ष भन्दा माथि उमेर समूह र ३० बर्ष भन्दा कम उमेर समूहको छुट्टाछुट्टै खुल्ला सामूहिक नृत्य प्रतियोगिता, स्थानीय गाउँहरुको आमा समूह नाच, युवा क्लबको ठेटार नाच, घाँटु नाच, कृष्ण चलित्र नाच, स्थानीय दोहोरी तथा गायक गायिकाहरुको गायन, भजन लगायत प्रस्तुति रहेका छन् । त्यस्तै शैक्षिक कार्यक्रमहरु तर्फ कक्षा १ देखि ३ सम्मका विधार्थीहरुका लागी खुल्ला श्रुति लेखन प्रतियोगिता, कक्षा ४ देखि ८ सम्मका विद्यार्थीका लागि सोंथर बैंसी परिसरमा कृषि पर्यटन प्रवर्द्धनको सम्भावना शीर्षकमा वक्तित्वकला प्रतियोगिता राखिएको सोंथर बेंसी विकास समितिका द्धितीय उपाध्यक्ष दिर्गमान गुरुङले जानकारी दिए।

३५ वर्स अघि त्यस भेककै प्रख्यात रुपमा रहेको सो टारी बजार मेला विविध कारण हराउन पुगी स्थगित भएपछि गत २०७९ सालबाट थप परिस्कृत गर्दै पुनः शुरुवात गरिएको छ । २०७९ सालमा त्यस भेकका सामाजिक अगुवाहरुको पहलमा सोंथर बैंसी विकास समिति जिल्ला प्रशासन कार्यालय कास्कीमा विधिवत रुपमा दर्ता गराइ सो समितिले मेलालाई पुन ब्युताउने काम गरेको मादी - ८ का जनप्रतिनिधि तथा सोंथर बैंसी विकास समितिका अध्यक्ष ओम प्रकाश गुरुङ्ले जानकारी दिए।

मेला संयोजक तथा सोंथर बैंसी विकास समितिका प्रथम उपाध्यक्ष आस बहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा सहसंयोजक वेदबहादुर गुरुङले स्वागत तथा सोंथर बैंसी विकास समितिका सचिव डिल्लीराज गिरी र सहसचिव राजेन्द्र अधिकारीले कार्यक्रम सञ्चालन गरेका थिए । मेलामा दर्शकको उत्साहजन सहभागिता रहेको थियो।

# उज्विकिस्तानको ब्ल्याक बुल्स आहा रारा पोखरा गोल्ड कपको फाइनलमा प्रवेश

पोखरापत्र संवाददाता
पोखरा, १ फागुन



पाहुना टोली उज्विकिस्तानको ब्ल्याक बुल्स फुटवल क्लव पोखरामा जारी २४ औं सस्करणको आहा रारा पोखरा गोल्ड कप फुटवल प्रतियोगिता २०८१ को फाइनलमा प्रवेश गरेको छ । पोखरा रंगशालाको फुटवल मैदानमा बिहीबार भएको दोश्रो सेमिफाइनल खेलमा ब्ल्याक बुल्सले आहा रारा गोखरा गोल्ड कपको ५ पटकको विजेता थ्रि स्टारलाई एकतर्फी ४–० को गोल अन्तरले पराजित गर्दै उपाधि नजिक पुगेको हो । थ्रि स्टार क्लव गत संस्करणको उपविजेता हो ।ब्ल्याक बुल्सको जितमा शभ्कतत्जोन स्याटोरोभले दुई र अशिलवेक ओरिभजोनोभ र सइदजामोल दवलतजोनोभले एक/एकगोलकोयोगदानदिनुभयो।

स्याटोरोभले खेलको २४ औं मिनेटमा पहिलो गोल गर्नु भयो भने खेलको ६३ औं मिनेटमा अर्को गोल थप्नु भएको हो। ओरिभजोनोभले खेलको ५८ औं मिनेटमा र दवलतजोनोभले खेलको ८७ औं मिनेटमा एक गोल गरी गोल अन्तर फराकिलो पार्नु भएको हो । पाएका केही अवसरलाई सदुपयोग गर्न सकेन भने विदेशी खेलाडीसंग थ्रि स्टार विहिबारको खेलमा निकै कमजोर खेल प्रर्दशन गऱ्यो । आजको खेलमा ब्ल्याक बुल्सका अशिलवेक म्यान अफ दी म्याच समेत घोषित हुनु भयो।

आहा रारामा राम्रो छवि बनाएको थ्रि स्टारले आहा रारा पोखरा गोल्ड कपमा पहिलो पटक सहभागि भएको उज्विकिस्तानको ब्ल्याक बुल्स फुटवल क्लवले नयाँ ईतिहास रच्ने भएको छ।

यसैबिच, उपाधिको लागि ब्ल्याक बुल्सले शनिबार नेपालको विभागिय टोली नेपाल पुलिस क्लवसँग प्रतिष्प्रर्धा गर्ने भएको छ।

पुलिसले चर्च ब्वाईज यूनाइटेडलाई बुधबारको पहिलो सेमिफाइनल खेलमा १–० को गोल अन्तरले पराजित गर्दै फाइनलमा यात्रा तय गरेको थियो । प्रतियोगिताको मुख्य प्रायोजक हिमश्री फुड्स प्रालिको उत्पादन रारा तयारी चाउचाउ रहेको छ।

# स्वास्थ्यमन्त्री पौडलद्वारा रक्तचाप परीक्षण

पोखरापत्र संवाददाता
पोखरा, १ फागुन



स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदिप पौडेलले जनतालाई रोगी बन्न नदिने रणनीति तय गर्न आवश्यक भएको बताउनुभएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयद्वारा बिहीबारदेखि सुरु गरिएको नसर्ने रोगहरूको पहिचानका लागि एक महिने अभियानको बिहीबार पोखरास्थित शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र नयाँबजारमा शुभारम्भ गर्दै उहाँले यसरी नै बिरामी बढ्दै गएको अवस्थामा राज्यले जति लगानी गरेपनि प्रतिफल प्राप्त नहुने स्थिति रहेको बताउनुभयो। "जनतालाई रोगी बन्न नदिने रणनीति तय गर्न आवश्यक छ", उहाँले भन्नुभयो, "निरोधात्मक क्षेत्रको कामलाई प्रभावकारी बनाउनका लागि अभियान सुरु गरिएको हो ।" विशेषतः मधुमेह, उच्च रक्तचाप आदिका कारण धेरै स्वास्थ्य समस्या आउने जनाउँदै उहाँले ती समस्याको सुरुमा नै पहिचान भएमा अन्य रोग निम्तन नसक्ने बताउनुभयो।

सुरुमा नै समस्याको पहिचान भएमा त्यसबाट जटिलता ननिम्तने बताउँदै उहाँले ३० वर्ष माथिका सबै नागरिकको रोगको पहिचान आवश्यक भएको बताउनुभयो । यस अभियानका लागि तीनवटै तहका सरकारबीच समन्वय आवश्यक हुने बताउँदै उहाँले फागुन महिनाभर यो अभियान सञ्चालन हुने जानकारी दिनुभयो। यो अभियान प्रत्येक वर्ष फागुन महिनामा सञ्चालन गरिने उहाँको भनाइ छ । अभियानको स्वास्थ्यमन्त्रीबाट नै रक्त परीक्षण एवम् रक्तचाप परीक्षण गरी शुभारम्भगरिकोथियो।कार्यक्रममा पोखरा महानगरपालिकाका प्रवक्ता मोति तिमल्सिना, पोखरा महानगरपालिका-८ का वडा अध्यक्ष रुद्रनाथ बराल, तेजाखर लम्साललगायतले अभियानले नसर्ने रोगको पहिचानमा महत्वपूर्ण उपलब्धि हासिल हुने बताउनुभयो।

## सशस्त्र ...

नेपाली जनताका अधिकार संविधानमार्फत संस्थागत गर्न सफल भयौँ । राज्यको पुनर्संरचना गरियो। समृद्धि, न्याय र समानताका लागि आधार तयार भयो। यो जनयुद्धकै कारण सम्भव भएको हो। यो प्रक्रियामा हामीबाट कतिपय कमीहरू पनि भए तर हाम्रो नियतमा कहिल्यै खोट थिएन। हामी यथास्थितिमा बस्न चाहेनौँ। हामी नेपाली जनता र नेपाली समाजको अग्रगमनका पक्षमा निरन्तर लागिरह्यौँ।

त्यसैले, हामी खुला हृदयका साथ आफ्ना कमजोरीको पनि समीक्षा गर्दै अघि बढिरहेका छौँ ", उहाँले शुभकामना सन्देशमा भन्नुभएको छ। अध्यक्ष दाहालले सशस्त्र सङ्घर्षका क्रममा आफ्नो अमूल्य जीवन बलिदान गर्ने शहिदप्रति श्रद्धाञ्जली, बेपत्ता भएकाहरूप्रति सम्मान र घाइते भएकाको पूर्ण स्वास्थ्यलाभको कामना गर्नुभएको छ।

## पोखरा २६ ...

आर्थिक बर्षमा दश करोड रुपैया विनियोजन भएको छ । जग्गाको निरिक्षण पछि मन्त्री पौडेलले भौगोलिक बनावट र वातावरणका हिसाबले निर्माणस्थल राम्रो रहेको उल्लेख गर्दै, चिकित्सालयको निर्माणले पार्ने सकरात्मक र नकरात्मक प्रभावका बिषयमा तयार गर्ने प्रतिवेदन छुटेकोमा त्यो पनि पुरा भएको बताउनु भयो । मन्त्री पौडेलले राष्ट्रिय योजना आयोगमा योजनाका लागि पठाउँदा प्रारम्भिक वातावरणिय प्रभाव मुल्यांन प्रतिवेदन छुट भएको पाएपछि त्यसलाई पनि ठेण्डर प्रक्रियाद्धारा सेवाप्रदायक संस्था छनौट गरी तयार गरिएको बताउनु भयो । मन्त्री पौडेलले विनियोजन भएको दश करोड रुपैया अर्थ मन्त्रालयले श्रोत सुनिश्चित गरे लगत्तै सम्पूर्ण प्रक्रिया पुरा गरी निर्माणको बोलपत्र आब्हान गरिने उल्लेख गर्नुभयो।

सय शैया चिकित्सालय निर्माणका लागि स्थानीय समुदायसँग सहकार्य गरी २५ रोपनी जग्गा उपलब्ध गराईएको र थप दश रोपनी जग्गाका लागि सुनिश्चितता गरिएको पोखरा २६ का वडाध्यक्ष नरेन्द्र थापाले बताउनु भयो । अध्यक्ष थापाका अनुसार यसअघि २५ शैयाको चिकित्सालय निर्माण गर्ने तयारी भएकोमा प्रदेश सरकारले नै संघीय सरकारलाई सय शैयाको चिकित्सालय निर्माणका अनुरोध गर्दै, उक्त जग्गा उपलब्ध गराउने निर्णय गरेको थियो।

संघीय सरकारले सातै प्रदेशमा एक/एक वटा प्रादेशिक आर्युवेद चिकित्सालय निर्माण गर्ने निर्णय गरेपछि गण्डकी प्रदेशका लागि उक्त स्थान प्रस्ताव गरिएको थियो । चिकित्सालय निर्माणका लागि ६० करोड रुपैयाको लागत अनुमान रहेको छ । शिक्षाविद् रवि बरालले तीन दशक अगाडि सुकुम्बासीका नाउँमा अतिक्रमण हुन लागेको जग्गालाई स्थानीयले जोगाएर राखेको उल्लेख गर्दै, चिकित्सालय निर्माणको कार्यलाई शिघ्रता दिन मन्त्री पौडेललाई आग्रह गर्नुभयो । बराललले निर्माणस्थलको वातावरण राम्रो रहेको उल्लेख गर्दै, स्थानीय समुदाय समेत सकरात्मक भएकाले चिकित्सालय निर्माणका लागि सहज भएको बताउनुभयो। स्थानीय कुलदिप बराललले चिकित्सालय निर्माणका लागि ३५ रोपनी जग्गा व्यवस्थापन गरिएको उल्लेख गर्दै, कहि कतै अवरोध नभएकाले चाडो प्रक्रिया अगाडी बढाईदिन आग्रह गरे । चिकित्सालयमा शिरोधारा, साउना वाथ, स्टीम वाथ, ज्याकुजी, अंकुपंचर, नेचुरोप्याथिक, योग लगायतका सेवा उपलब्ध हुने गण्डकी आर्युवेद अस्पतालका प्रमुख डा. शंकर गौतमले जानकारी दिनु भयो। पञ्चकर्म सेवाका लागि भिआईपी डिलक्स, र डिलक्स गरी पाँचवटा भिल्ला तयार गरिने समेत डा. गौतमले जानकारी दिनु भयो। डिलक्स पछि क्याविन र साधारण शैया गरेर एकसय पुऱ्याईने जानकारी दिदै डा. गौतमले आवासिय रुपमा समेत उपचार सेवा उपलब्ध गराउने गरी चिकित्सालयको डिपिआर तयार गरिएको बताउनु भयो।

विभिन्न राष्ट्रका भिआईपीहरुले पञ्चकर्मको सेवा र जानकारी लिन आएमा उनिहरुलाई भिआईपी डिलक्स उपलब्ध गराउनेगरी डिजाईन तयार गरिएको गौतमले बताउनु भयो।

## पोखरा ...

भ्रमण वर्षका अवसरमा सरकारी र नीजि क्षेत्रका तर्फबाट पोखरा भ्रमणमा आउने पर्यटकहरुका लागि उपलब्ध गराउन सकिने प्याकेजहरु भ्रमण वर्षको औपचारीक घोषणा सभामा प्रस्तुत गरिने, पोखरा अन्तराष्ट्रिय विमानस्थलबाट मित्रराष्ट्र चिन सहित विदेशका विभिन्न शहरहरुसँग सिधा उडानका लागि प्रदेश तथा संघ सरकारसँग निरन्तर समन्वय गरिने उनले जनाए।

पोखरा महानगरपालिका भित्र सञ्चालनमा रहेको सार्वजनिक यातायातलाई थप व्यवस्थित, मर्यादित र सेवामैत्री बनाउन प्रविधिमा आधारित सेवाहरु आत्मसाथ तथा अवलम्वन गरिने भएको मेयर आचार्यले जनाउनु भयो। वातावरणमैत्री हरित यातायात प्रणालीको विकासका लागि विकास साभ्केदारहरुसँगको सहकार्यलाई प्रभावकारी बनाइने महानगरले जनाएको छ।

निजी क्षेत्रको सहकार्यमा साहसिक पर्यटन प्रवर्द्धन, पारिवारिक तथा आरामदायी पर्यटन, धार्मिक तथा सांस्कृतिक पर्यटन, प्राकृतिक क्षेत्रको अध्ययन अनुसन्धान, स्थानीय खाना, भेष भूषा र जीवनशैलीको प्रवर्द्धन गर्ने, निजी क्षेत्र, सरकारी, गैर सरकारी संस्था, नेपाल पर्यटन बोर्ड, कूटनीतिक नियोग, एनआरएनए लगायतका संस्थाहरूसँग साभ्केदारी गर्दै पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनमा लाग्न र लगाउन महानगरले विशेष पहलकदमी लिने, यस अभियानबाट रोजगारीको अवसर वृद्धि, स्थानीय व्यवसायको प्रवर्द्धन, पोखराको ब्राण्डिङ्ग, अर्थतन्त्रको विकास, दिगो पर्यटन विकास,पर्यटकीय राजधानी स्थापित गर्न सहयोग पुग्ने, सूचना प्रविधि तथा सञ्चारका वित्तीय आयामहरूको प्रयोग, सहकार्य र अवसरका सिर्जना गर्दै स्थानीय मिडिया हाउस, सञ्चार क्षेत्रमा क्रियाशील हुने जनशक्तिको क्षमता विकास र नयाँ आयाम थप्न पहलकदमी लिने मेयर आचार्यले उल्लेख गरे।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

ईश्वरीय चिन्तनले मनलाई शान्त पार्दछ।

- प्रेमचन्द

## सम्पादकीय

# विषादी परीक्षण गर

नेपालमा सर्ने भन्दा नसर्ने रोगबाट धेरैको ज्यानजाने गरेको छ। चाँडैनिको नहुने रोगबाट ग्रसित छन। ठूलो जन धनको क्षति पुगेको छारोगबाट ग्रसित र स्वस्थ जीवनमा असर खानपानले हुने गरेको छाबजारमा उपलब्ध हुने हरेक वस्तु तथा सेवा गुणस्तरीय र उपभोक्तामैत्री हुनै पर्छ। झन् मानव स्वास्थ्यमा प्रत्यक्ष प्रभाव पर्ने तरकारी ,खाद्य वस्तु खानयोग्य भएन भने के हुन्छ ? त्यसले व्यक्तिलाई रोगी बनाउँछ। व्यक्ति र राज्यकै स्वास्थ्य उपचार खर्च बढाउँछ। मानिसको ज्यान अकालमा जान्छ। बढ्दो जनसंख्यासँगै उत्पादन बढाउन अन्वेषण र उपयोग गरिएको रासायनिक मल तथा विषादीको प्रयोग वैज्ञानिक आधारमा मात्र हुनु पर्छ। सकभर जैविक र परम्परागत उत्पादन राम्रो हुन्छ। अब त्यो सम्भावना न्यून हुँदै गएको छ। नेपालमा पनि यताका केही दशकमा रासायनिक मल तथा विषादीको प्रयोग बढ्दो छ। अझ प्रयोगभन्दा दुरुपयोगसमेत बढ्दो देखिएको छ। विषादीको परीक्षण पनि समयमा हुन नसक्दा खान अयोग्य खाद्य पदार्थ र तरकारीले समेत उपभोक्ताको भान्सामा प्रवेश पाएको विडम्बना अवस्था छ। बजार पुग्नु पहिल्यै विषादी परीक्षण हुनुपर्ने हो तर त्यस्तो हुँदैन। बजार आइसकेपछि विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशालाले परीक्षण हुन्छ। प्रयोगशालाले तरकारी ,फलफूल परीक्षणको नतिजा उपभोक्ताले खाइसकेपछि मात्रै सार्वजनिक गर्ने गरेको छ। केन्द्रीय कृषि प्रयोगशाला अन्तर्गतको कालीमाटीको सो प्रयोगशालाले बजारमा भित्रिएकामध्ये केही फलफूल तरकारीको नमुना सङ्कलन गरी परीक्षणको नतिजा दिने गर्दछ। नतिजा निस्किँदासम्म फलफूल, तरकारी भने खुद्रा बजार हुँदै उपभोक्ताको ओठसम्म पुगिसक्ने छ।

रासायनिक मल तथा विषादीको प्रयोग निषेध गर्न अब सम्भव नहोला तर त्यसलाई व्यवस्थित बनाउन भने आवश्यक छ। जैविक मलको प्रयोग बढाउन सक्दा त्यसले माटोको उर्वराशक्तिमा सुधार हुँदै जान्छ। रासायनिक मलको प्रयोगले भने बर्सेनि माटोको उर्वराशक्ति क्षयीकरण गर्दै लैजान्छ। बर्सेनि मलको मात्रा बढाउँदै जानु पर्छ। त्यस्तो प्रयोगले रोगकिराको प्रकोप पनि बढ्दै जान्छ। रोगकिरा प्रकोप न्यूनीकरण गर्न विषादीको प्रयोग बढाउँदै लैजानु पर्छ। त्यसले स्वयम् प्रयोगकर्ता किसानको जीवनसमेत जोखिममा हुन्छ। त्यसरी उत्पादन गरिएको तरकारी ,फलफूल र खाद्य पदार्थले मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्छ। कृषि वैज्ञानिकको सिफारिस र सल्लाह अनुसार रासायनिक मल र विषादीको सीमित प्रयोग यसको तत्कालको विकल्प हो। कतिपय मुलुकले रासायनिक मल तथा विषादीको प्रयोगलाई न्यूनीकरण गर्दै लगेका छन्। मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव भई रोगव्याधि बढेकै कारण त्यसो गरिएको हो। प्रयोग गर्नेले पनि सन्तुलनलाई ध्यान दिएका छन्। बजार पुग्नुअघि नै गुणस्तरको परीक्षण हुन्छ। नेपाली बजारको यस्तो विडम्बना अवस्थालाई सुधारिनुपर्ने छ।

नेपालमा सर्ने भन्दा नसर्ने रोगबाट धेरैको ज्यानजाने गरेको छ। चाँडैनिको नहुने रोगबाट ग्रसित छन। ठूलो जन धनको क्षति पुगेको छारोगबाट ग्रसित र स्वस्थ जीवनमा असर खानपानले हुने गरेको छाबजारमा उपलब्ध हुने हरेक वस्तु तथा सेवा गुणस्तरीय र उपभोक्तामैत्री हुनै पर्छ। झन् मानव स्वास्थ्यमा प्रत्यक्ष प्रभाव पर्ने तरकारी ,खाद्य वस्तु खानयोग्य भएन भने के हुन्छ ? त्यसले व्यक्तिलाई रोगी बनाउँछ। व्यक्ति र राज्यकै स्वास्थ्य उपचार खर्च बढाउँछ। मानिसको ज्यान अकालमा जान्छ। बढ्दो जनस ्यासँगै उत्पादन बढाउन अन्वेषण र उपयोग गरिएको रासायनिक मल तथा विषादीको प्रयोग वैज्ञानिक आधारमा मात्र हुनु पर्छ। सकभर जैविक र परम्परागत उत्पादन राम्रो हुन्छ। अब त्यो सम्भावना न्यून हुँदै गएको छ। नेपालमा पनि यताका केही दशकमा रासायनिक मल तथा विषादीको प्रयोग बढ्दो छ। अझ प्रयोगभन्दा दुरुपयोगसमेत बढ्दो देखिएको छ। विषादीको परीक्षण पनि समयमा हुन नसक्दा खान अयोग्य खाद्य पदार्थ र तरकारीले समेत उपभोक्ताको भान्सामा प्रवेश पाएको विडम्बना अवस्था छ। बजार पुग्नु पहिल्यै विषादी परीक्षण हुनुपर्ने हो तर त्यस्तो हुँदैन। बजार आइसकेपछि विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशालाले परीक्षण हुन्छ। प्रयोगशालाले तरकारी ,फलफूल परीक्षणको नतिजा उपभोक्ताले खाइसकेपछि मात्रै सार्वजनिक गर्ने गरेको छ। केन्द्रीय कृषि प्रयोगशाला अन्तर्गतको कालीमाटीको सो प्रयोगशालाले बजारमा भित्रिएकामध्ये केही फलफूल तरकारीको नमुना सङ्कलन गरी परीक्षणको नतिजा दिने गर्दछ। नतिजा निस्किँदासम्म फलफूल, तरकारी भने खुद्रा बजार हुँदै उपभोक्ताको ओठसम्म पुगिसक्ने छ।

रासायनिक मल तथा विषादीको प्रयोग निषेध गर्न अब सम्भव नहोला तर त्यसलाई व्यवस्थित बनाउन भने आवश्यक छ। जैविक मलको प्रयोग बढाउन सक्दा त्यसले माटोको उर्वराशक्तिमा सुधार हुँदै जान्छ। रासायनिक मलको प्रयोगले भने बर्सेनि माटोको उर्वराशक्ति क्षयीकरण गर्दै लैजान्छ। बर्सेनि मलको मात्रा बढाउँदै जानु पर्छ। त्यस्तो प्रयोगले रोगकिराको प्रकोप पनि बढ्दै जान्छ। रोगकिरा प्रकोप न्यूनीकरण गर्न विषादीको प्रयोग बढाउँदै लैजानु पर्छ। त्यसले स्वयम् प्रयोगकर्ता किसानको जीवनसमेत जोखिममा हुन्छ। त्यसरी उत्पादन गरिएको तरकारी ,फलफूल र खाद्य पदार्थले मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्छ। कृषि वैज्ञानिकको सिफारिस र सल्लाह अनुसार रासायनिक मल र विषादीको सीमित प्रयोग यसको तत्कालको विकल्प हो। कतिपय मुलुकले रासायनिक मल तथा विषादीको प्रयोगलाई न्यूनीकरण गर्दै लगेका छन्। मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव भई रोगव्याधि बढेकै कारण त्यसो गरिएको हो। प्रयोग गर्नेले पनि सन्तुलनलाई ध्यान दिएका छन्। बजार पुग्नुअघि नै गुणस्तरको परीक्षण हुन्छ। नेपाली बजारको यस्तो विडम्बना अवस्थालाई सुधारिनुपर्ने छ।

# सामुदायिक वनमा आगो लगाउने दुई जना पक्राउ

**पोखरापत्र संवाददाता**
पर्वत, १ फागुन

खडेरीको बेला सामुदायिक वनमा आगो लगाउने दुई युवालाई जिल्ला प्रहरी कार्यालयले पक्राउ गरेको छ।

जिल्लाको कुश्मा नगरपालिका-१४ आर्थर डाँडाखर्कस्थित ठुलाढुङ्गा सामुदायिक वनमा आगो लगाएको आरोपमा प्रहरीले स्थानीय दुई युवालाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा कुश्मा-१४ बगाल थोकका २६ वर्षीय सुवास पौडेल र ३१ वर्षीय रमेश पौडेल रहेका छन् । पौडेलद्वयले गत माघ २९ गते वनमा आगो लगाएका थिए। वनमा आगो लगाउँदा वनजङ्गल, वन्यजन्तुको बासस्थान नष्ट हुनुका साथै नजिकको बस्तीसमेत जोखिममा परेको भन्दै स्थानीयले खबर गरेपछि प्रहरीको टोलीले दुई युवालाई घरबाट पक्राउ गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक निरबहादुर बानियाँले जानकारी दिनुभयो । उहाँका अनुसार पक्राउ परेका दुवै जनालाई आवश्यक कारबाहीका लागि डिभिजन वन कार्यालय पर्वत पठाइएकामा जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरी पुनः प्रहरी हिरासतमा राखिएको छ । घटनाका बारेमा थप अनुसन्धान भइरहेको प्रहरी निरीक्षक बानियाँले बताउनुभयो।

पर्वतमा गत वर्ष ७० वटा सामुदायिक वनमा आगालागी भएको थियो । यस वर्ष गत माघदेखि आगालागीका घटना बढ्न थालेका डिभिजन वन कार्यालयले जनाएको छ। हिउँद याममा हुने अधिकांश आगलागीमा मानवीय लापरबाहीका कारण हुने गरेको पाइएपछि यसपटक दोषीलाई खोजी गरेर कारबाही गर्न थालिएको डिभिजन वन कार्यालयका प्रमुख झ्यामनारायण सापकोटाले बताउनुभयो।

# देवघाटमा एक महिनासम्म सञ्चालित महामहोत्सव सम्पन्न

**पोखरापत्र संवाददाता**
दमौली, १ फागुन

जिल्लाको प्रसिद्ध देवघाटधाममा एक महिनासम्म सञ्चालित महामहोत्सव बुधबार सम्पन्न भएको छ । माघे सङ्क्रान्तिको अवसर पारेर सञ्चालन भएको महामहोत्सव सकिएको हो।

विश्व जागरण महाअभियान ट्रष्ट चितवनको आयोजनामा भएको महामहोत्सवको देवघाटस्थित गलेश्वर आश्रमका पिठाधिश महामण्डलेश्वर १००८ स्वामी आत्मानन्द गिरीजी महाराजले समापन गर्नुभयो । उहाँले देवघाट क्षेत्रको धार्मिक पर्यटन प्रवर्द्धनका लागि महामहोत्सव सफल भएको बताउनुभयो।

देवघाट मुलुकको महत्वपूर्ण धार्मिक तीर्थस्थल भएकाले यहाँ यज्ञयज्ञादी पर्व आयोजना भइराख्नुपर्नेमा स्वामी आत्मानन्दले जोड दिनुभयो।

विश्व जागरण महाअभियान ट्रष्टका संरक्षक भागवत् कथा वाचक इश्वरकृष्ण महाराजले भक्तजनको माया, स्नेह र सहयोगले महामहोत्सव एक महिनासम्म सञ्चालन गर्न सहयोग र हौसला मिलेको बताउनुभयो।

महामहोत्सवबाट सङ्कलित रकम मातापिता सेवा आश्रम र देवघाट दिव्यधाम निर्माणका लागि खर्च गरिने उहाँले जानकारी दिनुभयो।

इश्वरकृष्ण महाराजको सङ्कल्पमा तनहुँको देवघाट गाउँपालिका-५ मा निर्माणाधीन तीन सय ६५ कोठाको मातापिता सेवा आश्रमले पूर्णता दिन र सोही स्थानमा रहेको देवघाट दिव्यधाम निर्माण गर्न रकम सङ्कलन गर्ने उद्देश्यले महामहोत्सव आयोजना गरिएको हो । उक्त महामहोत्सव २५ लाख बढी भक्तजनले प्रत्यक्ष अवलोकन गरेका विश्व जागरण महाअभियान ट्रष्टले दाबी गरेको छ। महोत्सव अवधिभर रु २० करोड भन्दा बढी रकम सङ्कलन भएको जनाउँदै आम्दानी र खर्च यथाशीघ्र पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरिने इश्वरकृष्ण महाराजले उल्लेख गर्नुभयो । तीन सय ६५ कोठासहितको संरचनामा वृद्धवृद्धा र असहायहरूका लागि दीर्घकालीन आवासीय सुविधा प्रदान गर्ने उद्देश्यले मातापिता सेवा आश्रम निर्माणाधीन छ।

महामहोत्सवमा सङ्घीय सरकारका मन्त्री, गण्डकी तथा बागमती प्रदेश सरकारका मन्त्रीहरू, प्रमुख राजनीतिक दलका सभापति तथा वरिष्ठ नेताहरू, प्रतिनिधिसभा, राष्ट्रियसभा तथा प्रदेशसभाका सांसदहरू, विभिन्न उच्च पदस्थ प्रशासक तथा व्यक्तिहरूको उपस्थिति रहेको थियो।

महामहोत्सवमा देवी प्रतिभा, अनुराधा पाण्डे, ओमप्रकाश सुवेदी, यशोदा मातालगायत लोकप्रिय कथा वाचकहरूले कथा वाचन गर्नुभएको थियो।

# राहुघाटको सवस्टेशन निर्माणले गति लियो

**पोखरापत्र संवाददाता**
म्याग्दी, १ फागुन

भूमिगत पानी र पहिरो प्रभावित राहुघाटमा सवस्टेशनको डिजाइनमा समस्या भएकाले ठेक्का सम्झौताको २७ महिनापछि गत जेठ महिनादेखि नेपाली सहायक ठेकेदार डिएल स्ट्रक्चरले काम थालेको थियो।

२२०/१३२/३३ केभी, २०० एमभिए क्षमताको उपकरण जडान हुने जिआइएस प्रविधिको राहुघाट सबस्टेशनमा उपकरण राख्ने र कार्यालयको भवन बनाउन जग्गाको फाउण्डेशन सकेर संरचना बनाउन थालिएको एनएलटीका आयोजना ब्यवस्थापक सुवासचन्द्र शर्माले बताउनुभयो। सवस्टेशनमा जडान गर्ने उपकरण आयात भइसकेको छ । भूमीगत पानी ब्यवस्थापन गर्ने संरचना बनाएर सवस्टेशनको काम थालिएको हो। हाल दैनिक एक सय जना मजदुरले काम गरिरहेका छन् । अम्बाङमा सव स्टेशन बनाउन पाँच वर्षअघि ९० रोपनी जग्गा अधिग्रहण भएको थियो । १३२ केभी क्षमताको डबल सर्किट प्रशारण लाइनको ८२ वटा टावर मध्य हालसम्म ५१ वटा निर्माण सकिएको र १० वटा निर्माणाधिन रहेका एनएलटीका व्यवस्थापक शर्माले बताउनुभयो। उहाँका केही दिनमा प्रशारण लाइनमा तार तान्नका लागि भारतबाट प्राविधिक र मजदुरहरू आउदैछन् । रघुगंगा गाउँपालिकाको वडा नम्बर ३, बेनी नगरपालिकाको ९, १०, मंगला गाउँपालिकाको वडा नम्बर १, मालिकाको वडा नम्बर ६ र ७ मा प्रशारण लाइनको टावर निर्माण स्थल हुन्। दुबै ठाउँमा यसअघिनै जग्गा ब्यवस्थापन, घेराबार, पहुँचमार्गका साथै डाडाखेतमा गार्ड र कर्मचारी आवास गृह भवन समेत निर्माण भएको छ। म्याग्दी नदीमा एक सय ७२.८ मेगावाट क्षमताको चार वटा जलबिद्युत आयोजना निर्माण शुरु भएका छन् । राहुघाटमा ३५.५ मेगावाटको राहुघाट मंगले र ४८.५ मेगावाट क्षमताको अपर राहुघाट, २१.३ मेगावाट क्षमताको ठुलोखोला र ४० मेगावाट क्षमताको राहुघाट जलबिद्युत आयोजना निर्माणाधिन छन् । ५.५ मेगावाट क्षमताको बगरखोला, ४.७५ मेगावाटको स्यानोखोला, ४.९० मेगावाटको अपर ठुलोखोला र १५ मेगावाटको माथिल्लो ठुलोखोला जलबिद्युत आयोजना निर्माणको अन्तिम चरणमा छन् । तुदी पावरद्धारा निर्माणाधिन अपर राहुघाट र मंगले राहुघाट जलविद्युत आयोजनाले अस्थायी टावर बनाएर २२० केभी क्षमताको कालीगण्डकी प्रशारण लाइनमा विद्युत आपुर्ति गराउने तयारी गरेका छन्। तुदीले पिप्लेमा १३२ केभी प्रशारण लाइन मुनी र क्रसिङ हुने गरेर बनाएको टावर हटाउन डाडाखेत राहुघाट प्रशारण लाइन आयोजनाले ताकेता गरेको छ । डाडाखेत राहुघाट प्रशारण लाइनको ए ३ नम्बरको टावरलाई असर पर्ने गरेर तुदीले अस्थायी टावर बनाएको हो।

# तपशिल बमोजिमका ऋणी सदस्यहरुलाई ऋण चुक्ता गर्न आउने बारे १५ दिने सूचना

**(दोस्रो पटक प्रकाशित मिति २०८१/११/०२)**

यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यहरुले अचल सम्पत्ति धितो सुरक्षण राखी ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज एवम् हर्जाना व्याज समय भित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नुभएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक, लिखित र मिति २०८१/०९/१९ गतेको समाधान पत्रिकामार्फत सूचना गराउँदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरी आफुले बुझाउनुपर्ने रकम बुझाउन कुनै पहल गरेको नपाईएको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै-दस्तुर रकम बुझाउनुहोला। अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यहरुले यस संस्थालाई ऋण सुरक्षण बापत लेखी लेखाई दिएको श्रीसम्पत्ति सहकारी ऐन, नियमावली, संस्थाको विनियम तथा संस्थाको ऋण नीति बमोजिम लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ।

**तपशिल :**

| क्र.सं | ऋणी तथा धनजमानतको नाम थर | धितोको बिबरण |
|---|---|---|
| १ | बहादुर क्षेत्रीको नाती उमान सिं क्षेत्रीको छोरा तनहुँ जिल्ला साविक व्यास न.पा वडा नं.-११ हाल व्यास न.पा.४ बस्ने<br>•**ऋणीः पदम बहादुर क्षेत्री**<br>उमान सिं क्षेत्रीको बुहारी पदम बहादुर क्षेत्रीको श्रीमती तनहुँ जिल्ला साविक व्यास न.पा वडा नं.-११ हाल व्यास न.पा.४ बस्ने<br>•**धनजमानतः लक्ष्मी क्षेत्री**<br>उमान सिं क्षेत्रीको नाती पदम बहादुर क्षेत्रीको छोरा तनहुँ जिल्ला साविक व्यास न.पा वडा नं.-११ हाल व्यास न.पा.४ बस्ने<br>•**धनजमानतः गणेश सापकोटा** | **पदमबहादुर क्षेत्री**को नाममा मालपोत कार्यालय तनहुँमा दर्ता श्रेस्ता कायम रहेको फराकचौर गा.वि.स.वडा नं. ९ को सिट नं. ९ठ को कित्ता नं. ११०३ को क्षेत्रफल १-१५-०-० को जग्गा<br>**लक्ष्मी क्षेत्री**को नाममा मालपोत कार्यालय तनहुँमा दर्ता श्रेस्ता कायम रहेको फराकचौर गा.वि.स. वडा नं. ९ को सिट नं.९ठ को कित्ता नं. २७९०, ९७०, १२०८, २९५४ को क्षेत्रफल ०-२-२-२, ०-३-०-०, ०-५-०-३,०-११-१-० को जग्गा |
| २ | हर्क बहादुर महतको नाती मोहन बहादुर महतको छोरा तनहुँ जिल्ला साविक ढोरफिर्दी गा.वि.स.३ हाल शुक्लागण्डकी न.पा वडा नं.०८ बस्ने<br>•**ऋणी : श्यामराजा महत**<br>मोहन बहादुर महतको बुहारी श्याम राजा महतको श्रीमती तनहुँ जिल्ला साविक ढोरफिर्दी गा.वि.स.३ हाल शुक्लागण्डकी न.पा वडा नं. ०८ बस्ने<br>•**धनजमानत : ज्ञानु महत**<br>मोहन बहादुर महतको नाती श्याम राजा महतको छोरा तनहुँ जिल्ला साविक ढोरफिर्दी गा.वि.स.३ हाल शुक्लागण्डकी न.पा वडा नं.०८ बस्ने<br>•**धनजमानत : सौगात विजय महत** | **श्यामराजा महत**को नाममा मालपोत कार्यालय तनहुँमा दर्ता श्रेस्ता कायम रहेको तनहुँ जिल्ला ढोरफिर्दी गा.वि.स. वडा नं.३ को सिट नं. ३क को कित्ता नं.२५८३ को क्षेत्रफल ०-६-१-३ को जग्गा |

**नोट : यस संस्थाबाट ऋण लिई ऋणको किस्ता नियमित नगर्ने अन्य सदस्यहरुलाई समेत यसै सूचनाद्धारा ऋण नियमित गर्नुहुन जानकारी गरिन्छ। अन्यथा यसै अनुसार कानुनी प्रक्रिया मार्फत लेना रकम असुल उपर गर्न संस्था बाध्य हुनेछ।**

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Pokhara Royal Saving & Credit Co-operative Society Limited
Head Office: Pokhara-10, Buddhachowk, Kaski, Nepal | ☎: 061-588833, 587833, 570833, 570933
E-mail: info@royalcooperative.com Website: www.royalcooperative.com

HIMALAYAN LIFE

**प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल**
**फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९**

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएकोरनासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | PLI १६१०००११५६ | नविन चन्द्र अधिकारी | भरतपोखरी ३, कास्की |
| २ | PLI १६१०००८७२१ | राम बाबु बिलमी | सिद्ध-७, कास्की |

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : स्वास्थ्यमा सुधार |
| वृष | : मानसिक तनाब | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : झमेला बड्ने | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शुभ यात्रा | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# ऋणीहरुलाई ऋण चुक्ता गर्न आउने बारे १५ दिने सूचना

(प्रकाशित मिति २०८१/११/०२)

यस संस्थावाट तपसिलका ऋणी सदस्यहरुले लिएको कर्जाको नियमित रुपमा बुझाउनु पर्ने साँवा, व्याज तथा अन्य दै दस्तुर नतिरी नबुझाई यस संस्थासँग गरेको कर्जा सम्वन्धी सम्झौता र सर्तहरुको उल्लङ्घन गरि भुक्तानीको अवधि समेत व्यतित गरि बसेको र पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत कर्जा चुक्ता नगरेको हुदाँ ऋणी सदस्यहरुलाई कर्जा चुक्ता गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र संस्थामा सम्पर्क राखी संस्थालाई तिर्नुपर्ने साँवा, व्याज तथा अन्य दै दस्तुर समेतको सम्पूर्ण रकम चुक्ता गर्नु गराउनु होला । अन्यथा प्रचलिन सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ तथा संस्थाको ऋण व्यवस्थापन कार्यविधि २०७९ वमोजिम कानुनी प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत तपसिलका ऋणी सदस्यहरुको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ साथै ऋणी सदस्य तथा जमानीकर्ताको चलअचल सम्पत्ति, गैह्र जायजेथा, लिलाम बिक्री गरी यस संस्थाले आफ्नो साँवा, व्याज तथा अन्य दै दस्तुर रकम असुल उपर गरि लिनुका साथै ऋणी तथा जमानीकर्ताको समेत कालोसुचीमा नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ।

तपशिल :

<table>
<tr><th>क्र.सं</th><th>ऋणी सदस्यहरुको विवरण</th><th>धन जमानत दिनेको विवरण</th></tr>
<tr><td>१.</td><td>ऋणीको नाम : रामचन्द्र पोखेल<br>नागरिकता प्रमाण पत्र नं.: ६७३५६<br>जारी मिति :२०५९/०३/२०<br>जारी भएको जिल्ला : स्याङ्जा<br>स्थायी ठेगाना : पुतलीवजार-७ पर्स्याङ<br>अस्थायी ठेगाना : पुतलीवजार-३ वाडखोला<br>बाबुको नाम : खेमनारायण पोखेल<br>बाजेको नाम : शोभाखर</td><td>नाम : मायादेवी शर्मा<br>नागरिकता प्रमाण पत्र नं. ७२९८७<br>जारी मिति : २०६०/०७/१९<br>जारी भएको जिल्ला : स्याङ्जा<br>स्थायी ठेगाना : पुतलीवजार -७ पर्स्याङ<br>अस्थायी ठेगाना: पुतलीवजार-३ वाडखोला<br>पतिको नाम : रामचन्द्र पोखेल<br>ससुराको नाम : खेमनारायण पोखेल</td></tr>
<tr><td colspan="3">धितोको विवरण :<br>स्याङजा जिल्ला पुतलीवजार ७ निवासी श्री खेमनारायण पोखेलको बुहारी श्री रामचन्द्र पोखेलको श्रीमती नागरिकता प्रमाण पत्र नं.७२९८७ भएको श्री मायादेवी शर्माको नाममा नापी नक्सा कायम रहेको जग्गामा वनेको घर स्याङ्जा जिल्ला स्या.पुतलीवजार ४ हाल पुतलीवजार ३ को कि.न. १२ क्षेत्रफल (०-२-१-२)</td></tr>
<tr><td>२.</td><td>नाम : मायादेवी शर्मा<br>नागरिकता प्रमाण पत्र नं. ७२९८७<br>जारी मिति : २०६०/०७/१९<br>जारी भएको जिल्ला : स्याङ्जा<br>स्थायी ठेगाना : पुतलीवजार-७ पर्स्याङ<br>अस्थायी ठेगाना : पुतलीवजार-३ वाडखोला<br>पतिको नाम : रामचन्द्र पोखेल<br>ससुराको नाम : खेमनारायण पोखेल</td><td>नाम : रामचन्द्र पोखेल<br>नागरिकता प्रमाण पत्र नं.: ६७३५६<br>जारी मिति :२०५९/०३/२०<br>जारी भएको जिल्ला : स्याङ्जा<br>स्थायी ठेगाना : पुतलीवजार-७ पर्स्याङ<br>अस्थायी ठेगाना : पुतलीवजार-३ वाडखोला<br>बाबुको नाम : खेमनारायण पोखेल<br>बाजेको नाम : शोभाखर</td></tr>
<tr><td colspan="3">धितोको विवरण :<br>स्याङजा जिल्ला पुतलीवजार ७ निवासी श्री शोभाखरको नाती श्री खेमनारायण पोखेलको छोरा नागरिकता प्रमाण पत्र नं.६७३५६ भएको श्री रामचन्द्र पोखेलको नाम नापी नक्सा कायम रहेको जग्गा स्या.पुतलीवजार २ हाल पुतलीवजार ३ को कि.नं. १३८३ क्षेत्रफल (०-१-१-३) र स्या.पुतलीवजार ५ हाल पुतलीवजार ३ को कि.नं.६०९ क्षेत्रफल (०-११-२-०)</td></tr>
</table>

**नवरत्न बचत तथा ऋण सहकारी संस्था लि.**

**पुतलीबजार नगरपालिका-१, प्रगतिनगर, स्याङ्जा**


# नेसपा नयाँ शक्तिका अध्यक्ष डा भट्टराईद्वारा शपथ ग्रहण

**रासस**
काठमाडौं, १ फागुन

नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) का नवनिर्वाचित अध्यक्ष डा बाबुराम भट्टराईसहित कार्यसमितिका पदाधिकारी तथा सदस्यहरुले आफ्नो पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभएको छ।

नवनिर्वाचित अध्यक्ष डा भट्टराईलाई निर्वाचन अधिकृतले शपथ ग्रहण गराउनुभएको हो। महाधिवेशनबाट निर्वाचित अध्यक्ष भट्टराईले नवनिर्वाचित पदाधिकारी र सदस्यहरुलाई शपथ ग्रहण गराउनुभयो । नेपाल प्रज्ञा-प्रतिष्ठानमा आयोजित पत्रकार सम्मेलनमार्फत निर्वाचित पदाधिकारीको नाम औपचारिकरुपमा घोषणा गरिएको थियो। पार्टी अध्यक्ष डा भट्टराई सात सय ६१ मत प्राप्त गरेर निर्वाचित हुनुभएको हो । अध्यक्ष पदका प्रतिस्पर्धी नेत्र चापागाईंले ७३ मत प्राप्त गर्नुभयो । उपाध्यक्षमा खस, आर्यतर्फ ईश्वर रिजाल, उपाध्यक्ष आदिवासीतर्फ टेकबहादुर बाठामगर, उपाध्यक्ष मधेसीतर्फ उमेश साह, महासचिव खुलातर्फ सोनामसिंह स्याङ्तान, सचिव महिलातर्फ आशाकुमारी तामाङ, सचिव खुलातर्फ लक्ष्मण कार्की सन्देश र भरतराज दाहाल तथा कोषाध्यक्षमा हरिप्रसाद रिजाल निर्वाचित हुनुभएको छ । मानुषी यमी भट्टराई र दुर्गा सोब यसअघि उपाध्यक्षमा निर्विरोध निर्वाचित हुनुभएको थियो । नवनिर्वाचित अध्यक्ष डा भट्टराईले पार्टीको पहिलो अधिवेशनबाट चयन भएको नयाँ नेतृत्वले जनक्रान्तिको अभियानको थालनी गर्ने बताउनुभयो। आजदेखि नयाँ जनअभियान सुरु भएको उल्लेख गर्दै उहाँले समानुपातिक, समावेशी र प्रत्यक्ष निर्वाचन गराउन पार्टी सफल भएको बताउनुभयो। यही फागुन १० गते काठमाडौँमा केन्द्रीय समितिको बैठक बस्ने अध्यक्ष डा भट्टराईले जानकारी दिनुभयो।

# चौबिस वर्षपछि सडक स्तरोन्नति

**पोखरापत्र संवाददाता**
बागलुङ, १ फागुन

ट्र्याक खुलेको २४ वर्षपछि बागलुङ बजारदेखि सिगाना पुग्ने सडक स्तरोन्नति हुँदैछ । विसं २०५४ मा बागलुङ नगरपालिका-८ सिगाना खण्डको सडक २४ वर्षपछि स्तरोन्नति हुन थालेको हो। बागलुङ बजारदेखि काठेखोलासम्म कालोपत्र भइसकेको छभने गोखोलासम्मको सडक ग्राभेल भएर कालोपत्रको चरणमा छ। विसं २०५४ मा बागलुङ बजारदेखि रु तीन लाख बजेटमा सिगानातर्फ सडक ल्याउने कामको सुरुआत भएको थियो । तत्कालीन गाविस अध्यक्ष टोपबहादुर खड्काले सडक खुलेको २४ वर्षपछि सडक स्तरोन्नति भएकामा खुसी व्यक्त गर्नुभयो। सिगानामा एक निर्वाचन क्षेत्र एक रणनीतिक सडकअन्तर्गत अहिले सडक स्तरोन्नतिसँगै घुम्ती सडक ढलान, अन्यत्र ग्राभेल र काठेखोलासम्म कालोपत्र भएपछि सिगानाको यात्रा छोटिएको छ। यसले कटिनपूर्ण यात्रा सहज भएको खड्काको भनाइ छ । बागलुङ बजारदेखि बोक्सेसम्म दुई वर्षअघि नै कालोपत्रे सम्पन्न भइसकेको थियो भने अहिले बोक्सेदेखि सिगानासम्मको आठ किमी सडक ग्राभेल भएपछि ट्याक्सी, बस तथा अटो गुड्न थालेका छन्।

सिगानामा नियमित स्कुल बस पुग्न थालेका छन्भने आन्तरिक पर्यटकले ट्याक्सी र अटोरिक्सा लैजान थालेका हुन् । कालोपत्र सडक पुग्न थालेपछि सिगानामा विकासले विस्तारै गति लिँदैछ । काठेखोलामा पुल नहुँदासम्म बर्खाका समयमा सिगानामा यातायातका साधन चल्दैनथे । खच्चडकै भरमा सामग्री ढुवानी गर्नुपर्थ्यो। बागलुङ सदरमुकामदेखि सिगानाको बौडेचौर पुग्न दुई घण्टाभन्दा बढी समय लाग्दथ्यो । वडा कार्यालयसम्म पुग्नै एक घण्टाजति समय लाग्थ्यो, सडक स्तरोन्नतिसँगै हाल १५ मिनेटमै त्यो दूरी पार गर्न सकिन्छ। सिगानामा रु २९ करोड लागतमा आठ किलोमिटर (किमी) सडक कालोपत्र र ढलान गर्नका लागि ३२ महिनाका लागि ठेक्का सम्झौता भएको थियो । सडक कालोपत्रको जिम्मा पाएको कर्ण बिल्डर्सका साइट इन्चार्ज सन्दीप श्रेष्ठले फागुनसम्म छ किमी सडक कालोपत्र गर्नेगरी काम भइरहेको बताउनुभयो । बागलुङ क्षेत्र नं १ अन्तर्गत बागलुङ बजार, अदालत चौपारी हुँदै सिगाना, चापाखर्क, गाजाको दह, बरेङ शान्तिपुर जोड्ने ३० किमी सकडमध्ये पहिलो चरणमा १० किमी सडकको काम अन्तिम चरणमा पुगेको छभने पुनः १० किमी सडकको ठेक्का खोल्ने तयारी भइरहेको छ।

# म्याग्दीमा ग्रामीण सडकको स्तरोन्नति

**पोखरापत्र संवाददाता**
बेनी, १ फागुन

हाँडेभिर-बगरफाँट हुँदै भकिम्ली र बरङ्जा जोड्ने सात किलोमिटर ग्रामीण सडकको स्तरोन्नति १८ वर्षपछि प्रारम्भ भएको छ।

बेनी नगरपालिका वडा नम्बर ३ भकिम्ली र ४ नम्बर वडा बास्कुनाका साथै मङ्गला गाउँपालिकाको वडा नं २ र ३ मा उत्पादन भएका कृषिउपजलाई बेनीसम्म पुऱ्याउन र बेनीबाट खाद्यान्न, निर्माण सामग्रीलगायत उपभोग्य वस्तुहरू गाउँ ल्याउन सहज भएको छ। उक्त सडकअन्तर्गत बगरफाँट-दूधेखोला खण्डको तीन किलोमिटर ग्राभेल र दूधेखोलादेखि भकिम्लीतर्फको तीनसय ९० मिटर सडक ढलान गरिएको छ । गण्डकी प्रदेश सरकारको रु दुई करोडको लागतमा उक्त खण्डको स्तरोन्नति गरिएको पूर्वाधार विकास कार्यालयका सव-इञ्जिनियर रवीन चोखालले बताउनुभयो। यो सडक बेनी नगरपालिकाको वडा नं २ बगरफाँट, वडा नं ३ भकिम्ली, मङ्गला गाउँपालिकाको ३ र ४ नम्बर वडाका बासिन्दा तथा पश्चिम म्याग्दीको मालिका गाउँपालिका-५ ओखरबोटको सोलेडाँडा भएर बागलुङको तमान, लामेलासम्म विस्तार गर्ने लक्ष्य रहेको उहाँले जानकारी दिनुभयो। यस योजनाबाट बगरफाँटदेखि दूधेखोलासम्मको साढे दुई किलोमिटर सडकलाई आठ मिटर फराकिलो बनाएर ग्राभेलसहित स्तरोन्नति गरिने र दूधेखोलादेखि भकिम्ली जोड्ने खण्डमा तीनसय ९० मिटर ढलान गरिने छ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

# हार्दिक समवेदना



जन्मः
वि.स. २०२५/०५/२३ गते

स्वर्गारोहणः
वि.स. २०८१/१०/१५ गते
(दुवई)

**स्वः संजिव श्रेष्ठ**

स्याङ्जा जिल्ला साविक पौवैगौडे वडा नं. ८ को हाल पोखरा म.न.पा. वडा नं. ९ नयाँबजार सफल मार्ग निवासी हाम्रो 'फूलबारी नेवाः गुठी' पोखरा–११, रानीपौवाका सदस्य **संजिव श्रेष्ठ**को विदेशमा रोजगारको शिलसिलामा कार्यरत छँदा ५६ वर्षको उमेरमा दुःखद निधन भएकाले हामी गुठी परिवार ज्यादै मर्माहत भएका छौं। क्रियाकर्मको आज नवौं दिनको पुण्य तिथिमा उहाँको सम्झना गर्दै दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै स्वर्गमा बास प्राप्त होस र शोकाकुल परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन भनि हार्दिक समवेदना व्यक्त गर्दछौं।

अध्यक्षः शान्त कुमार श्रेष्ठ
सचिवः शान्तरत्न गुभाजू
कोषाध्यक्षः नारायण श्रेष्ठ
सहसचिवः देवकुमार श्रेष्ठ

**सदस्यहरूः**
गोपीमान श्रेष्ठ
महेश कुमार श्रेष्ठ
बाबुराम श्रेष्ठ
क्या. गणेश कुमार श्रेष्ठ
अधिवक्ता सोम बहादुर श्रेष्ठ
बसन्त श्रेष्ठ
डोलराज(ध्रुव) श्रेष्ठ
उत्तम कुमार श्रेष्ठ
डिल्लुराम श्रेष्ठ
लक्ष्मण श्रेष्ठ
निरज गुभाजू
भक्तमान श्रेष्ठ

क्या. कृष्ण बहादुर प्रधान
सूर्य श्रेष्ठ
रत्नमान गुभाजू
गुप्तमान श्रेष्ठ
मान कुमार श्रेष्ठ
रवि सुन्दर श्रेष्ठ
कृष्ण मानन्धर
प्रताप श्रेष्ठ
निर विक्रम ध्वुँजु श्रेष्ठ

**क्रियाशील सदस्यद्धय**
राज विक्रम ध्वुँजु श्रेष्ठ
बोधराज श्रेष्ठ

**तथा समस्त गुठी परिवार**



## Phalewas Municipality
## Office of The Municipal Executive
### Phalewas, Parbat
### Gandaki Province, Nepal

# Request for Quotation

**for**

**HIRING A FIRM FOR ROAD REPAIR AND MAINTENANCE TRAINING IN PHALEWAS MUNICIPALITY**

**(Date of First Publication: B.S. 2081/10/30)**

1. The Ministry of Labor, Employment and Social Security (MoLESS), Prime Minister Employment Program (PMEP) has received financing from the International Development Association (IDA) toward the cost of Youth Employment Transformation Initiative (YETI) Project. Phalewas Municipality, Parbat District has received fund on conditional grant through fiscal transfer from the YETI Project and intends to apply part of the proceeds toward payments under the contract for Hiring a Firm for Road repair and maintenance Training in Phalewas Municipality.
2. A firm will be selected through an open competitive process under the procedures as specified in the Project Operations Manual of YETI Project from Request for Quotation (RFQ)
3. Phalewas Municipality, Parbat District invites sealed quotation from the qualified firms. The brief description of the procurement is as follows.

| S. N. | Description | RFQ Document fee (non-refundable) | Deadline of RFQ-document purchase | RFQ submission deadline (Date and Time) | RFQ-Opening Date and Time |
|---|---|---|---|---|---|
| 1 | Hiring a Firm for Road repair and maintenance Training in Phalewas Municipality Proc Ref no (ESCT1) | Nrs.1000/- | B.S 2081-11-15 Office hour | B.S 2081-11-18 Before 12 noon | B.S 2081-11-18 2 PM. |

4. The details of the service requirements, eligibility and qualifications required is found in terms of reference (Annex-1).
5. Qualified service providers experience and registered in the same district will get an advantage.
6. In case of last date for purchasing, submission and opening of RFQs falls on a Government Holiday, the next working day shall be considered the last day. In such a case, the RFQ validity shall be recognized from the original RFQ submission deadline.
7. The financial proposal should be submitted in a separate envelope. It will be opened only after the technical scores have been finalized, in the presence of the respective bidders.
8. The Municipality reserves the right to accept or reject any RFQ and to annul the procurement process and reject all RFQs at any time prior to Contract Award, without thereby incurring any liability to Bidders/Applicants.
9. For Quotation Document and other information please consult to the below address.

**Chief Administrative Officer**